सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको त्रैमासिक प्रकाशन

# PEFA Newsletter

## A Quarterly Publication of PEFA Secretariat

वर्षः २ अङ्कः १० ०७१ माघ

### सम्पादकको तर्फवाट :

नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका गतिविधिहरु क्रमशः वृद्धि हुँदै गईरहेका छन् । यसक्रममा क्षमता विकासका क्रियाकलापहरुलाई पेफा सचिवालयले अगाडि बढाएको छ । विभिन्न कार्यशालाहरु, तालिम कार्यक्रमहरु संचालन गरिएको छ ।

नेपालमा सार्वजनिक क्षेत्र लेखामान (NPSAS) को २ वटा मन्त्रालयहरुमा नमुना परीक्षण सफल भएको छ । अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामानमा आधारित उक्त लेखामान भौतिक योजना तथा यातायात र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा नमुना परीक्षण (Piloting) गरिएको थियो ।

साथै सो बमोजिमको वित्तीय प्रतिवेदनलाई सार्वजनिक वित्तीय व्यवस्थापन क्षेत्रको अन्तराष्ट्रिय संस्था International Consortium on Govenrmental Financial Management (ICGFM) ले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको भनी Certify गरेको छ ।




**IPSAS Implementation Committee का अध्यक्ष Dr. Jessey Hughes ले NPSAS Piloting को ICGFM Certification हस्तान्तरण गर्दै**

### यस भित्र


- २० औ पेफा निर्देशक समितिको वैठक सम्पन्न
- विश्व वैंकको मिसन सम्पन्न
- NPSAS Piloting सम्पन्न
- पेफा सचिवालयदारा विभिन्न अध्ययन अनुसन्धान कार्य गराउदै
- पेफा सचिवालयका सदस्य सचिव उत्कृष्ट निजामती सेवा पुरस्कारबाट सम्मानित
- AGOA को president को नेपाल भ्रमण सम्पन्न
- सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी क्षेत्रीय सेमिनार
- ICGFM Conference मा नेपालको प्रस्तुति
- वित्तीय पारदर्शीता सम्वन्धी कार्यक्रम प्रशारण
- PFM सम्वन्धी अन्य सामाग्रीहरु

## पेफा निर्देशक समिति को वैठक सम्पन्न



कार्यक्रमका सहभागीहरु

पेफा निर्देशक समितिको २० औं वैठक यही २०७१/०८/२४ मा सम्पन्न भएको छ । दोस्रो पेफा मूल्यांकन सफलतापूर्वक सम्पन्न गरेकोमा मूल्यांकनमा संलग्न सबै टोलीनेताहरु र मूल्यांकन टोलीका सदस्यहरुलाई अर्थ सचिव श्री सुमन प्रसाद दाहालले धन्यवाद दिनुभएको थियो । वैठकमा विश्व बैंकसँग समन्वय गरी सचिवालयले दोस्रो पेफा मूल्यांकन प्रतिवेदनलाई अन्तिम रुप दिने निर्णय भएको थियो ।

साथै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत सञ्चालन हुँदै गरेको स्थानीय निकायको सार्वजनिक वित्तीय व्यवस्थापनको कार्यसम्पादन मापन (Local Level PEFA Assessment) को गुणस्तर कायम गर्न तथा प्रतिवेदनमा एकरुपता कायम होस् भन्ने उदेश्यले परामर्शदाता मार्फत गराइएको मूल्यांकनको प्रक्रिया र प्रतिवेदनको अनुगमन गर्न निम्नानुसारको निर्देशन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय समेत भएको थियो ।



पेफा निर्देशक समितिको वैठकको एक झलक

### निर्देशन तथा सुपरीवेक्षण समिति

सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - अध्यक्ष

सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय - सदस्य (योजना तथा वैदेशिक सहायता महाशाखा)

सहसचिव, अर्थ मन्त्रालय, बजेट महाशाखा - सदस्य

सहसचिव, राष्ट्रि योजना आयोग - सदस्य

सह म.ले.नि., म.ले.नि.का. - सदस्य

सदस्य सचिव, पेफा सचिवालय - सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख, संघीय मामिला तथा

# SPFM Project World Bank Midterm Mission सम्पन्न

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण सम्वन्धी आयोजनाको कार्यान्वयन अवस्थाको पुनरावलोकन गर्न विश्व वैंकको नेतृत्वमा रहेको मल्टी डोनर ट्रष्ट फण्डको कार्य टोलीले December १५ - १९, २०१४ सम्म नेपालको भ्रमण गरेको छ। सो कार्य टोलीको नेतृत्व विश्व वैंकका लिड फाइनान्सियल म्यानेजमेन्ट स्पेसलिष्ट श्री मनोज जैनले गर्नु भएको थियो । टोलीमा शम्भु उप्रेती, योगेश मल्ल, प्रज्ञा श्रेष्ठ र नगेन्द्र नकर्मी समावेश हुनुहुन्थ्यो ।सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण आयोजना विश्व वैंकको नेतृत्वमा मल्टी डोनर ट्रष्ट फण्ड द्वारा अनुदान सहयोगमा संचालित आयोजना हो । कार्य टोलीले सर्वप्रथम महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीसंग भेट गरी छलफल गरेको थियो र आफ्नो अध्ययन प्रतिवेदन उहाको समुपस्थितिमा महालेखा नियन्त्रक कार्यालयमा प्रस्तुत गरेको थियो ।कार्य टोलीले आयोजनाका मुख्य तीन क्षेत्रहरुमा केन्द्रित रहेर प्रगति अनुगमन गरेको थियो । जसमा नेपालमा एकल खाता कोष प्रणालीको कार्यान्वयन, लेखांकन तथा वित्तीय प्रतिवेदन प्रणालीको सुदृढीकरण र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयको सुदृढीकरण सम्वन्धी विषय रहेका छन् ।






कार्यक्रमको केही झलकहरु


आफ्नो अध्ययनबाट टोलीले समग्र आयोजनाको व्यवस्थापन सन्तोषजनक रहेको निस्कर्ष निकालेको छ । नेपालको ७५ जिल्लामा सफलतापूर्वक कार्यान्वयनमा रहेको एकल खाता कोष प्रणाली अन्य देशको लागि पनि अनुकरणीय रहेको कुरा उल्लेख गरी यसको दिगोपना र गुणात्मक पक्षमा जोड दिन सुझाव दिएको छ।

आयोजनाका संयोजक एवं सह महालेखा नियन्त्रक श्री जगदीश रेग्मीले आयोजनाको समग्र प्रगतिको वारेमा जानकारी गराउनु भएको थियो । आयोजनाको प्रगति तथा सचिवालयको संस्थागत सुदृढीकरण सम्वन्धी प्रतिवेदन सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले प्रस्तुत गर्नु भएको थियो । एकल खाता कोष प्रणाली सम्वन्धी प्रतिवेदन उप महालेखा नियन्त्रक श्री सुकदेव वास्कोटा एवं सूचना प्रविधि व्यवस्थापन सम्वन्धी प्रतिवेदन उप महालेखा नियन्त्रक श्री नेत्र सुवेदीले प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी नेपाल सार्वजनिक लेखामानदण्ड सम्वन्धी प्रतिवेदन उप महालेखा नियन्त्रक श्री थानेश्वर गौतमले प्रस्तुत गर्नु भएको थियो ।

# ICGFM Winter Conference मा नेपालको प्रस्तुति




कार्यक्रमको एक झलक




कार्यपत्र प्रस्तुतिको क्रममा श्री बाबुराम सुवेदी

International Consortium on Governmental Financial Management को आयोजनामा १-३, डिसेम्बर २०१४ मा वासिङ्गटन डि.सी.मा सम्पन्न हिउँदे तालिम सम्मेलनमा यस सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधारको विषयमा वक्ताको रुपमा भाग लिनुभयो ।

'Enhancing Government Credibility through Treasury Reforms: A Success Case of TSA Implementation in Nepal' विषयको वहाँको कार्यपत्र प्रतिष्पर्धात्मक छनौट प्रकृयाबाट छनौट भई विश्वभरका सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा काम गर्ने सरकारी अधिकारीहरु, परामर्शदाताहरु र विशेषज्ञहरु सहभागी रहेको सो कार्यक्रममा प्रस्तुति गर्नुभएको थियो ।

नेपालमा लागु गरिएको एकल खाता कोष प्रणालीले नेपालको वित्तीय प्रतिवेदन प्रणालीमा गुणात्मक सुधार ल्याएको, Real time Budget Execution data प्रकाशन गर्दा सरकारी आम्दानी र खर्च पारदर्शी भई जनविश्वासमा बढोत्तरी भएको र सरकारी बजेटको आन्तरिक नियन्त्रण प्रणालीमा सुधार हुनका साथै सार्वजनिक वित्तीय उत्तरदायित्वमा समेत सुधार आएको कुरा वहाँले प्रशिक्षणको क्रममा प्रस्तुत गर्नुभएको थियो ।

नेपालमा लागु गरिएको एकल खाता कोष प्रणाली क्रमागत रुपमा ७५ वटै जिल्लामा ३ वर्षभित्र लागु गर्दा लागेको लागत, समय र यसको गति र प्रभावकारिताको हिसाबले उल्लेख्य रहेको कुरा जोड दिनुभएको थियो ।

# सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी क्षेत्रीय सेमिनार

जापान सरकारको सहयोग तथा Ministry of Economic and Finance of Cambodia को संयुक्त आयोजनामा कम्वोडियाको न्होपेन्ह (Phnom Penh) मा यही November 25-26, 2014 मा Asian Regional Seminar on Public Financial Management सम्पन्न भएको छ । PFM Reforms: The Lesson Learnt, Promises and Tears विषयक उक्त सेमिनारमा महालेखा नियन्त्रक श्री शंकरप्रसाद अधिकारीज्यूको नेतृत्वमा सह म.ले.नि. तथा पेफा सचिवालयका संयोजक श्री जगदीश रेग्मी र लेखा अधिकृत श्री टोलेन्द्र कार्कीको पनि सहभागिता रहेको थियो ।उक्त कार्यक्रमले एसियाली मुलुकहरुको सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा भई रहेका सुधार क्रियाकलापहरुको कार्यान्वयन अवस्था, भावी कार्ययोजना, सफलता र असफलताको सम्वन्धमा छलफल चलाउने र अनुभवको आदान प्रदान गर्ने मुख्य लक्ष्य लिएको देखियो ।






कार्यक्रमको केही झलकहरु

**उक्त कार्यक्रममा निम्न विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो:**

- The Platform Approach- Presentation by Sok Saravuth, Under Secretary, Ministry of Finance, Combodia
- Fulfilling the Pormise of Performance Budgeting- Implementation Constraints and Lesson Learnt- Prajapati Trivedi, Former Secretary to the Government of India
- Lesson from Introducing Performance Budgeting in Malaysia- Koshy Thomas, Ministry of Finance, Malaysia
- Indonesia's PFM Reform- Agung Widiadi, Director of Budget, Indonesia.
- PDCA Cycle of Japan's National Budget- Akihiro Tsuchiya, Ministry of Finance, Japan
- Using PEFA to Develop PFM Reform Action Plan- Ali manic, Finance Secretary, Maldives
- Fiscal Decentralization – outcomes and the way forward- Truong Ba Tuan, Vice President, National Institute of Finance, Vietnam

उक्त कार्यक्रममा PEFA Framework लाई Diagnostic tool for PFM Reform को रुपमा सब सहभागी राष्ट्रहरुले स्वीकार गरेको पाइयो । छलफलको क्रममा महालेखा नियन्त्रक श्री शंकर प्रसाद अधिकारीले नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापनमा भई रहको Reform Initiatives लाई प्रमुख रुपमा उठाउनु भयो । नेपालको एकल खाता कोष प्रणालीलाई अन्य मुलुकका प्रतिनिधिहरुले पनि चासोको रुपमा लिएको पाइयो । नियन्त्रकज्यूले नेपालको दोश्रो पेफा मूल्यांकनको Recent Status र मूल्यांकनको क्रममा देखिएको रिक्तता र यसको पूर्णताको लागि तर्जुमाको क्रममा रहेको Development Action Plan को सम्वन्धमा पनि उल्लेख गर्नु भयो ।

# AGAOA Chairman को नेपाल भ्रमण सम्पन्न

सन् २००४ मा स्थापना भएको Association of Government Accountants Organization of Asia (AGAOA) का हालका संयोजक भुटान सरकारका लेखा नियन्त्रक Mr. Choiten Wangchuk को सन् २०१४ डिसेम्बर २७ देखि २९ सम्म ३ दिन नेपाल भ्रमण सम्पन्न भयो ।

आन्तरिक नियन्त्रण, आन्तरिक लेखा परीक्षण, लेखाको व्यवसायिकता बारे एक अर्कामा आपसी अनुभव आदान प्रदान गरी वित्तीय सुशासन, पारदर्शिता जबाफदेहिता बढाउने, सदस्य राष्ट्रहरु बीच आपसी सम्बन्ध विस्तार गरी ज्ञान, खोज, तालिम मार्फत कार्य सम्पादनमा सुधार गर्ने, आपसी सहयोग आदान प्रदान मार्फत समग्र सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार गर्नु भ्रमणको उदेश्य रहेको थियो । अग्रेजी वर्णानुक्रम अनुसार सदस्य राष्ट्रमा सम्मेलन हुने र अध्यक्षता गर्ने व्यवस्था अनुसार भुटानमा सम्पन्न सम्मेलनबाट भुटान सरकारका सार्वजनिक लेखा प्रमुख Mr. Choiten Wangchuk हाल AGAOA को संयोजक हुनु भएको हो ।

यस AGAOA मा एसिया महादेशका सबै देशहरु सदस्यहरु रहने व्यवस्था भए पनि हाल SAARC क्षेत्रका देशहरु मात्र सदस्य रहेका छन् । Mr. Choiten Wangchuk AGAOA को संयोजक भएको नाताले सदस्य राष्ट्रहरुमा भ्रमणको क्रममा भारत हुदै २७ डिसेम्बरमा नेपाल आई २८ डिसेम्बरमा नेपाल सरकारका लेखा प्रमुख तथा AGAOA सदस्य श्री शंकर प्रसाद अधिकारीसंग भेट्ने कार्यक्रम अनुसार महालेखा नियन्त्रक कार्यालय, अनामनगरमा भेट भई AGAOA को उदेश्य, नीति, रणनीति, चालु तथा आगामी कार्यक्रम सम्बन्धमा वृहत छलफल भयो । द्विपक्षीय भेटपछि नेपालको सार्वजनिक लेखा प्रणालीमा हाल प्रयोग गरिएको सफ्टवेयर, सुधार कार्यक्रमहरु, समस्या र चुनौतिहरु सहित नेपालका सार्वजनिक वित्तीय व्यवस्थापनबारे पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले संक्षिप्त प्रस्तुति गर्नु भयो ।



कार्यक्रमको एक झलक

Mr. Choiten Wangchuk लाई नेपालको Treasury Single Account संचालनको अवस्था, नेपाल सरकारको वित्तीय सूचना संकलन तथा संरक्षण गर्न अपनाएको सफ्टवेयर तथा सर्भर बारे सूचना प्रविधि शाखामा अवलोकन गराउने काम भएको थियो । भुटान सरकारले आगामी दिनमा नेपालले अपनाएको एकल खाता कोष प्रणली अपनाउने सोच अनुसार भुटान सरकारका लेखा प्रमुखले कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौर, भुक्तानी केन्द्रको अवलोकन भ्रमण गरी यसको संचालन विधि सम्बन्धमा सम्पूर्ण जानकारी लिने काम समेत भयो ।

Mr. Choiten Wangchuk र उहाँका सहयोगी बुद्धिराम राईलाई महालेखा नियन्त्रक कार्यालयमा उप महालेखा नियन्त्रक श्री थानेश्वर गौतम तथा बाबुराम ज्ञवालीले स्वागत गर्नु भएको थियो । भ्रमणको क्रममा द्विपक्षीय लेखा प्रणालीमा आगामी दिनमा अनुभव, तालिम तथा ज्ञानको विस्तार गर्ने सहमति समेत गरियो । २९ डिसेम्बरमा Mr. Chition Wang Chok स्वदेश फर्कनु भयो । उक्त ३ दिने भ्रमण कार्यक्रममा Mr. Wangchuk लाई नेपालमा रहदा सबै कार्यक्रममा लेखा अधिकृत श्री यज्ञ प्रसाद ढकालले सहयोगी भुमिका निर्वाह गर्नु भएको थियो ।

## NPSAS Piloting सम्पन्न




कार्यक्रमको एक झलक

नेपालमा सार्वजनिक क्षेत्र लेखामान (NPSAS) को २ वटा मन्त्रालयहरुमा नमुना परीक्षण सफल भएको छ । अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामानमा आधारित उक्त लेखामान भौतिक योजना तथा यातायात र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा नमुना परीक्षण (Piloting) गरिएको थियो । साथै सो बमोजिमको वित्तीय प्रतिवेदनलाई सार्वजनिक वित्तीय व्यवस्थापन क्षेत्रको अन्तराष्ट्रिय संस्था International Consortium on Govenrmental Financial Management (ICGFM) ले अन्राष्ट्रिय मापदण्ड अनुरुपको भनी Certify गरेको छ ।

सो सर्टिफिकेट डिसेम्बर २, २०१४ मा पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीलाई IPSAS Implementation Committee का अध्यक्ष Dr. Jessey Hughes ले वासिङ्गटन डि.सी.मा हस्तान्तरण गर्नुभएको थियो ।

## पेफा सचिवालयका सदस्य सचिव उत्कृष्ट निजामती सेवा पुरस्कारबाट सम्मानित




नेपाल सरकारले सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयका सदस्य सचिव एवं उप महालेखा नियन्त्रक श्री बाबुराम सुवेदीलाई आ.व. २०७०।७१ को उत्कृष्ट निजामती सेवा पुरस्कार प्रदान गरेको छ । सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा लामो समयदेखि एक सुधारमुखी कर्मचारीको छवि बनाउँदै आउनुभएका र निजको लगनशीलता र पछिल्ला दिनहरुमा एकल खाता कोष प्रणाली लगायत नेपालमा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यको संयोजनको कार्यमा उत्कृष्ट कार्य गरे वापत रु. १ लाख राशिको उक्त पुरस्कार प्रदान गरिएको हो ।

माननीय सामान्य प्रशासनमन्त्री श्री लालबाबु पण्डितज्यूवाट पुरस्कार ग्रहण गर्ने क्रममा श्री बाबुराम सुवेदी

## पेफा सचिवालयले विभिन्न विषयमा अध्ययन अनुसन्धान गराउदै

सार्वजनिक वित्तीय व्यवस्थापनको विभिन्न पाँच क्षेत्रमा पेफा सचिवालयले परामर्शदाता मार्फत अध्ययन तथा अनुसन्धान गराइ रहेको छ । सार्वजनिक वित्तीय व्यवस्थापन संचालनमा प्रत्यक्ष संलग्न नेपाल सरकारका कर्मचारीहरुलाई के कस्तो तालीमको आवश्यकता रहेको छ ? त्यस्तो तालीम दिन विद्यमान तालीम दिने निकायहरु पर्याप्त छन् ? के कस्तो सुधारको आवश्यकता छ ? वा छुट्टै निकायको अवश्यकता छ ? जस्ता विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी डा. शैलेन्द्र सिग्देलले **Studies on the Training need assessment for PFM staffs of Government of GoN** विषयमा अध्ययन अनुसन्धान गरिरहनु भएको छ ।

नेपाल सरकारको आन्तरिक लेखापरीक्षण प्रणालीलाई कसरी सुधार गर्न सकिन्छ ? वर्तमान संरचनामा के कस्तो सुधार आवश्यक छ ? आन्तरिक लेखा परीक्षण प्रणालीको सुधारको लागि तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन रुपमा के गर्नु आवश्यक छ ? जस्ता विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी डा. सुवोध कुमार कर्णले **Study on Internal Audit System Reform** विषयमा अध्ययन अनुसन्धान गरिरहनु भएको छ ।

हाल एकल खाता कोष प्रणाली ७५ वटै जिल्लामा लागु भई सकेको छ । यसको कार्यान्वयनबाट सार्वजनिक कोषको व्यवस्थापनमा के कस्ता प्रभावहरु देखिए ? कमी कमजोरी के कस्ता रहेका छन् ? यसको दीगोपना र गुणात्मक सुधारको लागि के गर्नु आवश्यक छ ? जस्ता विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी लालमणी जोशीले **Impact Study of TSA Implementation in Public Finance in Nepal** विषयमा अध्ययन अनुसन्धान गरिरहनु भएको छ ।

सार्वजनिक खर्चमा गैर वजेटरी खर्चको अवस्था, प्रतिवेदन प्रणाली र यस्तो खर्चले पारेको प्रभाव एवं वित्तीय उत्तरदायित्वको अवस्था जस्ता विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी **Study of the Pattern and Implication of Off-budget Items in Financial Accountability** विषयमा दुर्गानिधि शर्माले अध्ययन अनुसन्धान गरिरहनु भएको छ ।

नेपाल सरकारले सार्वजनिक संस्थानहरुमा गरेको लगानीको अवस्था के छ, यस्तो लगानीको वित्तीय प्रभाव कस्तो रहेको छ ? जस्ता विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्ने गरी **Study of the Fiscal Impact of Government Investment in Public Enterprises** विषयमा डा. नारायण मानन्धरले अध्ययन अनुसन्धान गरिरहनु भएको छ ।

सबै परामर्शदाताले आ-आफ्नो विषयक्षेत्रको **Inception Report** पेश गरी सक्नु भएको छ । यही फागुन महिनाको दोश्रो हप्ता सम्ममा पाँचवटै विषयको अन्तिम प्रतिवेदन पेश गर्ने गरी सम्झौता भएको छ । यस्तो अध्ययन प्रतिवेदनले सार्वजनिक वित्तीय व्यवस्थापनको सुधारको लागि थप योगदान पुग्ने अपेक्षा लिइएको छ ।


## वित्तीय पारदर्शिता सम्वन्धी रेडियो कार्यक्रम प्रशारण

पेफा सचिवालय र रेडियो नेपालबीच दुईपक्षीय समझदारीका आधारमा हाल ३ महिनासम्म ६ वटा वित्तीय पारदर्शिता सम्वन्धी रेडियो कार्यक्रम संचालन गर्ने सहमति भएको छ । सहमति अनुसार रेडियो नेपालले मंसीरदेखि माघसम्म ६ वटा कार्यक्रम तयार पारी प्रसारण गर्नेछ । कार्यक्रम प्रसारणको समय प्रत्येक महिनाको पहिलो र तेस्रो शुक्रबार साँझ ६:१५ देखि ६:२५ सम्म १५ मिनेट अवधिको रहेको छ । रेडियो कार्यक्रम "वित्तीय पारदर्शिता" मा पेफा सचिवालयको गतिविधि, सार्वजनिक वित्तीय व्यवस्थापन सम्वन्धी अन्तरसम्वाद, सार्वजनिक वित्तीय व्यवस्थापनका लागि पेफा सचिवालय र नेपाल सरकारको अन्य जिम्मेवार निकायहरुले सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा गरेका काम र भावी कार्यक्रमसँग सम्बन्धित विषयलाई समेटेर कार्यक्रम तयार गरी प्रसारण हुँदै आएको छ ।


कार्यक्रम तयारीका लागि रेडियो नेपालको तर्फबाट त्यहाँका आर्थिक समाचारदाता श्री भुवन आचार्य र पेफा सचिवालयको तर्फबाट लेखा अधिकृत श्री टोलेन्द्र कार्कीले गर्नुभएको छ । कार्यक्रम सञ्चालन दुईपक्षीय समझदारीमा रेडियो नेपालका तर्फबाट निमित्त कार्यकारी निर्देशकश्री रमेशजंग कार्की र सचिवालयको तर्फबाट पेफा सचिवालयका सदस्य सचिव श्री बाबुराम सुवेदीले हस्ताक्षर गर्नुभएको थियो ।

## स्थानीय स्तरको सार्वजनिक वित्तीय व्यवस्थापनको मूल्यांकन (Local PEFA Assessment)

स्थानीय निकायहरुमा हुने सार्वजनिक बित्तीय व्यवस्थापनको अवस्थाको जानकारी लिने उद्देश्यले संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको अगुवाइमा शुरु गरिएको स्थानीय स्तरको सार्वजनिक वित्तीय व्यवस्थापनको मूल्यांकन (Local PEFA Assessment) कार्य काठमाण्डौ महानगरपालिकाको मूल्यांकन भए संगै सम्पन्न भएको छ । ३० वटा गा.वि.स., ८ वटा नगरपालिका, १० वटा जि.वि.स., १ वटा उपमहानगरपालिका र १ वटा महानगरपालिका को बिभिन्न २९ वटा सुचकमा आधारित रही गरिएको मूल्यांकन कार्यमा महालेखा नियन्त्रक कार्यालय र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको आर्थिक प्रशासन शाखाको अनिवार्य प्रतिनिधित्व रहने व्यवस्था मिलाइएको थियो । स्थानीय स्तरको सार्वजनिक वित्तीय व्यवस्थापनको मूल्यांकन (Local PEFA Assessment) कार्यका लागि International Consultant - Gryason clarke र स्थानीय परामर्शदाताको रुपमा Knowledge Soft Nepal Pvt. Ltd लाई जिम्मेवारी दिइएको छ । यस कार्यका लागी टिम लिडरका रुपमा श्री प्रकाशजंग थापाले कार्य गरिरहनुभएको छ । हाल स्थानीय परामर्शदाताहरुले निकायगतरुपमा प्रतिवेदन दिने कार्य भैरहेको र उक्त कार्य भैसकेपछि अन्तर्राष्ट्रिय परामर्शदाताले पुनरावलोकन गरेपछि अन्तिम प्रतिवेदन पेश गर्नेछ ।




NPSAS Piloting को ICGFM बाट Certificate of Conformance in Financial Reporting by Developing Countries को प्रमाणपत्र प्रस्तुत गरिदै




ICGFM Conference मा TSA सक्वन्धी प्रस्तुति गर्दै श्री बाबुराम सुवेदी



दोश्रो पेफा मूल्यांकनको छलफल कार्यक्रमको एक झलक



दोश्रो पेफा मूल्यांकनको ड्राफ्ट प्रतिवेदन विकास साझेदारहरुसमक्ष प्रस्तुत गरिदै


सल्लाहकार

**जगदीश रेग्मी**

सम्पादक मण्डल

बाबुराम सुवेदी
टोलेन्द्र कार्की
अनुपमा कार्की

लेआउट डिजाईन

अनुपमा कार्की

प्रकाशक

**सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय**
महालेखा नियन्त्रक कार्यालय भवन परिसर
अनामनगर, काठमाण्डौं
टेलिफोन: ४७७०७०६, ४७७०३८७
फ्याक्स: ४७७०७०६
Website: www.pefa.gov.np